## अधिकार, प्रजातन्त्र तथा समावेशीकरण कोष (RDIF)
## परियोजना निर्देशिका

### पृष्ठभूमि

नेपाल सरकार, संवैधानिक निकायहरु तथा राजनैतिक दलहरुले २०४७ सालमा बहुदलीय प्रजातान्त्रिक पद्धतिको पुनर्स्थापना भएपश्चात् आफ्नो भूमिका निर्वाह गर्ने सन्दर्भमा विभिन्न समस्याहरू झेल्दै आएका छन् ।

संस्थागत असफलता तथा समाजका विभिन्न वर्गको प्रतिनिधित्व गर्न नसक्नुले नेपालको विकास प्रयासमा गम्भीर अवरोध पुऱ्याएका छन् । यसै तथ्यलाई ध्यानमा राखी बेलायत सरकारको अन्तराष्ट्रिय विकास विभाग (DFID) र स्विस सरकारको अन्तराष्ट्रिय विकास नियोग (SDC) को संयुक्त पहलमा सन् २००६ को फेब्रुअरीमा अधिकार, प्रजातन्त्र तथा समावेशीकरण कोष (RDIF) को सुरुवात गरिएको हो । अष्ट्रेलियाली सरकारको सहयोग नियोग (AusAID) र नर्वेली राजदूतावास (Norwegian Embassy) पनि सन् २००७ देखि यस कोषमा साझेदार बनेका छन् ।

DFID को इनेब्लिङ्ग स्टेट प्रोग्राम (राज्य सबलीकरण कार्यक्रम)द्वारा व्यवस्थापन गरिएको यो कोष बेलायत सरकार स्विस सरकार, अष्ट्रेलियाली सरकार र नर्वेली सरकारको जिम्मेवार तथा उत्तरदायी शासकीय प्रणालीलाई बढावा दिने विश्वव्यापी प्रतिवद्धताअनुसार सुरु गरिएको हो ।

सवल र सुदृढ शासकीय प्रणाली सिर्जना गर्नु यस कोषको लक्ष्य हो जसले मानव अधिकार र प्रजातान्त्रिक मूल्यको सम्मान गर्नुका साथै राजनैतिक समावेशीकरणलाई सुनिश्चित गर्दछ । प्रजातान्त्रिक शासनसँग संलग्न संस्थाहरूमा राजनितिक दलहरु, सरकारी निकायहरु जसले चुनावको निरीक्षण र अनुगमन गर्दछन्, संवैधानिक निकायहरु र केही हदसम्म सञ्चार तथा अन्य संस्थाहरु पर्दछन् ।

यस कोषले उल्लेखित संस्थाहरुको कार्य सम्पादन सुदृढ गर्न तथा पछाडि पारिएका समूहहरुको नेपाली राजनीति र प्रजातन्त्रमा समावेशीकरणलाई मुख्य रुपमा जोड दिन्छ । यस कोषका उद्देश्यहरु देशको शासन प्रणालीको प्रजातान्त्रीकरणका लागि सरकारका घोषित नीतिअनुरुप हुनेछन् ।

### कोषले कस्तो प्रकारको पहललाई सहयोग गर्दछ ?

यस कोषले प्रजातन्त्रको दिगो विकासमा सहयोग पुऱ्याउने खालका विचारहरुलाई सहयोग र प्रोत्साहन गर्दछ । नेपालमा कानूनी रुपमा काम गरिरहेका नेपाली नागरिक समाजसँग सम्बद्ध संस्थाहरु, प्राज्ञिक संस्थाहरु लगायतलाई यस कोषले सहायता गर्दछ ।

यो कोष उत्तरदायी राजनीतिक शासन प्रणालीलाई दिगो बनाउनमा केन्द्रित छ । त्यसर्थ यस कोषले त्यस्ता कामहरुलाई सहयोग गर्नेछ जसले दीर्घकालीन परिणाम सिर्जना गर्न सक्छ । यसले अर्धवार्षिक रुपमा सहयोगका प्रथमिकता निर्धारण गर्दछ ।

**कोषले निम्न उल्लेखित ३ क्षेत्रमा सहयोग प्रदान गर्दछ ।**

(क) प्रजातान्त्रिक ढंगले निर्वाचित सरकारको निम्नानुसार सहितको **संयन्त्र मजवुत** बनाउनेः
१. राजनीतिक दलहरुभित्र आन्तरिक प्रजातन्त्र र समावेशी नीतिहरुलाई सुदृढ गर्न वास्तविक किसिमको आन्तरिक सुधार ।
२. Think Tanks जस्ता नीति सल्लाहकार निकायहरुलाई मजबुत बनाउने ।
३. निर्वाचन तथा प्रजातान्त्रिक प्रकृयाको अन्य पक्षहरु नियन्त्रण तथा अनुगमन गर्ने सरकारी तथा गैर सरकारी निकायहरुको क्षमता वृद्धि गर्ने ।

(ख) राजनीतिक शासन, **विकल्प र व्यवहार**लाई सवल बनाउनेः
१. राजनीतिक शासनमा चासो राख्ने समूहहरु -जस्तैः राजनीतिक पार्टीका कार्यकर्ताहरु) मा प्रमुख प्रजातान्त्रिक अवधारणाहरु -जस्तैः कानूनको राज्य, मानव अधिकार, प्रजातान्त्रिक अभ्यास आदि) सम्बन्धी वुझाइ र चेतना अभिवृद्धि गर्ने ।
२. राजनीतिक शासनसँग सम्बन्धित व्यक्ति संस्थाहरुलाई घोषणा पत्रलाई प्रभावकारी कार्यान्वयन गर्न तथा आपसी सहयोग, परामर्श तथा सहकार्यका आधारमा काम गर्न प्रोत्साहन गर्ने ।

(ग) **राजनीतिक समावेशीकरणः**
तल उल्लेखित प्रकृयाबाट सिमान्तीकृत समुदायहरुको (महिला, दलित, मधेशी, जाति/जनजाति तथा अन्य) स्थानीय तथा राष्ट्रिय सरकारमा राजनीतिक सहभागिताको अवसर वृद्धि गर्ने ।

- राजनीतिक शासनमा संलग्न संस्थागत प्रणालीमा पिछडिएका तथा सिमान्तीकृत समुदायहरुको पहुँच बढाउने ।
- माथि उल्लेखित समुदायहरुको चेतना र क्षमता वृद्धि गरी राजनीतिक प्रकृयामा सहभागी हुन सहयोग पुऱ्याउने ।

परियोजनाका गतिविधिहरुमा संस्थागत सुधार, जनचेतना अभिवृद्धि, संवैधानिक शक्तिहरु बीचको सहकार्य प्रवर्धन, क्षमता विकास, विचार आदानप्रदान र संवाद प्रवर्द्धन जस्ता पहलहरुलाई समावेश गर्नुपर्ने छ । संवैधानिक परिधिभित्र रहेका विभिन्न गतिविधिहरुलाई यस कोषले सहयोग पुऱ्याउँदछ ।

**सहयोगका लागि कसले आवेदन दिन सक्छ ?**

नेपालमा प्रचलित कानून अनुसार सञ्चालन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु, सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, नेपाली संघसङ्गठनहरु, व्यवसायिक संस्थाहरु, सामुदायिक समूहहरु, शैक्षिक संघ/संस्थाहरुले सहयोगका लागि आवेदन दिन

सक्नेछन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको हकमा यस्ता संस्थाहरुले स्थानीय संस्थासँग मिलेर काम गर्नुपर्ने/गरेको हुनु पर्नेछ ।

यस कोषले प्रत्यक्ष रुपमा राजनीतिक दलहरुलाई सहयोग गर्ने छैन र प्रदान गरिएको सहयोग पूर्णतः गैर-दलीय ढंगले सञ्चालन गरिनेछ । कोषबाट सहयोग पाउने संस्थाहरुले दातृ संस्थाले कार्यान्वयनमा ल्याएको आधाभूत कार्य सञ्चालन निर्देशिका (Basic Operating Guidelines) अनिवार्य रुपले पालना गर्नु पर्नेछ ।

उपलब्ध प्रस्तावलाई सहयोग गर्ने वा नगर्ने कुराको महत्वपूर्ण आधार प्रस्तावक संस्थाले प्रजातन्त्रको दिगो विकासमा खेलेको भूमिका र सरोकारवाला (Stakeholders) का दृष्टिकोणमा संस्थाको विश्वसनीयता हुनेछ ।

RDIF बाट सहयोग प्राप्त गर्ने संस्थाले असल व्यवस्थापकीय अभ्यासहरु, वित्तीय पारदर्शिता, उत्तरदायिता आदिको प्रमाण पेश गर्नु पर्नेछ । त्यस्तैगरी यस्ता संस्थाहरुले प्रत्यक वर्ष गरिएको स्वतन्त्र लेखापरीक्षणको प्रतिवेदनका प्रतिहरु संस्थाको व्यवस्थापनमा जुन रुपमा पेश गरिएको छ सोही रुपमा देखाउनु पर्नेछ ।

यदि दुई वा सोभन्दा बढी संस्थाहरुले संयुक्त प्रस्ताव पेश गरे तीमध्ये प्रशासनिक काम र परियोजना कार्यान्वयनमा जिम्मेवार संस्था (मुख्य संस्था) कुन हो सो कुरा प्रष्ट रुपमा परियोजना प्रस्तावमा उल्लेखित हुनुपर्छ ।

## कुन आकारका परियोजनाहरुलाई सहयोग गरिने छ ?

प्रस्तावका लागि कुनै न्यूनतम वा अधिकतम रकमको सीमा तोकिएको छैन । परियोजनाको बजेटमा प्रस्तावकहरुले समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ । त्यस्ता स्रोतहरु मानवीय आर्थिक वा अन्य जे भए पनि परियोजनामा स्पष्ट रुपमा उल्लेखित हुनुपर्नेछ ।

## प्रस्तावमा के के जानकारी आवश्यक हुन्छ ?

प्रत्येक प्रस्तावमा तलको संरचनामा उल्लेख भएअनुसारको जानकारी हुनुपर्नेछ । प्रस्ताव १० पृष्ठ (प्रीति फन्टमा १४ साइजको) भन्दा बढीको हुनुहुँदैन र नेपाली वा अङ्ग्रेजी भाषामा प्रस्ताव पठाउन सकिन्छ । प्रस्तावको प्रथम पृष्ठको माथिल्लो भागमा RDIF का लागि प्रस्ताव भनेर लेख्ने, त्यसपछि परियोजनाको नाम, आवेदक संस्थाको नाम र पुछारमा प्रस्ताव पेश गरिएको महिना र साल लेख्ने ।

### (क) आवेदकबारे जानकारी (बढीमा २ पृष्ठ)

- नाम, ठेगाना, टेलिफोन नम्बर र संस्थाको इमेल
- मुख्य रूपमा सम्पर्क गर्नुपर्ने व्यक्ति

- संस्थाको कानूनी हैसियत
- संस्थाको लक्ष्य र काम गर्ने प्रमुख क्षेत्रहरु
- संस्थाको संक्षिप्त पृष्ठभूमि र संचालनमा रहेका प्रमुख क्रियाकलापहरू ।
- राजनीतिक शासन (Political Governance) का क्षेत्रमा संस्थाको पूर्व अनुभव ।

<u>(ख) परियोजना प्रस्ताव (बढीमा ५ पृष्ठ)</u>

- परियोजनाले सम्बोधन गर्ने प्रमुख समस्या ।
- मुख्य समस्याको पृष्ठभुमि तथा परियोजनाले सम्बोधन गर्ने समस्याहरु ।
- उल्लेखित मुद्दाहरुसँग परियोजनाको सान्दर्भिकता (Relevance) देखाउने सन्दर्भ विश्लेषण ।

- यस क्षेत्रमा अन्य संस्थाहरुले संचालन गरिसकेका गतिविधि र पहलहरु संक्षिप्त रुपमा

- परियोजनाको लक्ष्य र उद्देश्यहरू ।
- परियोजनाको गतिविधिहरू (कसले, को सँग, के काम, कहाँ, कहिले, कति पटक, कहिलेसम्म गर्दछ )
- लक्षित वर्ग/परियोजनाबाट लाभान्वित हुनेहरू (लक्षित वर्ग को हुन् र उनीहरु कसरी यो परियोजनाबाट लाभान्वित हुन्छन् ?)
- निश्चित मापनीय नतिजाहरु र परिणाम मापकहरु (Outcome Indicators) (यो परियोजनाले शासकीय प्रणालीमा के परिवर्तनहरु/फरकहरु ल्याउँछ ? परियोजना लागू गरेर कस्तो निश्चित र व्यावहारिक परिणामहरु हासिल गर्न सकिन्छ ?)
- परियोजनाको समयावधि (परियोजनाको समयावधि बढीमा दुई वर्ष हुनु पर्नेछ ।)
- स्रोतहरु - परियोजना संचालन गर्न कति सहयोग रकम माग गरिएको हो (In NRs and Sterling Pound) र प्रस्तावक संस्थाको योगदान कति रहनेछ सो प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।
- परियोजना व्यवथापन - परियोजनाको व्यवस्थापन कसरी गरिने छ र दुईभन्दा बढी संस्था भएमा परियोजना लागु गर्ने मुख्य संस्था कुन हो सोबारे छोटकरीमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
- कार्ययोजना - प्रत्येक क्रियाकलापमा लाग्ने समय
- कार्यनिर्देश र  मुख्य कर्मचारीहरुको योग्यता

<u>परियोजना बजेट</u>

- माग गरिएको कूल सहयोग रकम ।
- गतिविधिका हिसाबले बजेट विभाजन (कर्मचारी, प्रशासन, तालिम, परियोजनाहरू, छपाइ खर्च, विविध आदि) बजेट (Spreadsheet मा तयार पारी अन्तिम भएपछि Word मा राख्न सकिन्छ)

<u>प्रस्ताव पेश गर्ने ठेगाना र अन्तिम म्याद</u>

परियोजना प्रस्तावहरु पेश गर्ने अन्तिम मिति हाललाई तोकिएको नभएपनि प्रेस वक्तव्य वा सार्वजनिक सूचनामार्फत सो तोक्न सकिने छ। पेश गरिएका प्रस्तावहरु हरेक महिना मूल्याङ्कन गरिनेछ। प्रस्तावहरु तल उल्लेखित तीन मध्ये कुनै एक तरीका मार्फत RDIF Co-ordinator लाई सम्वोधन गरी पेश गर्न सकिनेछ।

आफै आई पेश गर्ने: Enabling State Programme
Kiran Bhawan
Sanepa – 2
Lalitpur

हुलाक बाट पठाउने : Enabling State Programme
P O Box 15142 / PPC 333

Email बाट पठाउन : mail@esp-nepal.com

**प्रस्तावहरु कसरी छानिन्छन् ?**

माथि उल्लेखित सबै मापदण्ड पूरा गरेका प्रस्तावहरूलाई डि.एफ.आइ.डी, बेलायती दुतावास र स्विस सहयोग नियोगका प्रतिनिधिहरू सम्मिलित RDIF को निर्देशक समितिले पुनरावलोकन गर्नेछ।

समितिले सबै प्रस्तावहरू पुनरावलोकन गर्नेछ र स्पष्टता तथा थप जानकारीका लागि प्रस्तावकहरूसँग सोध्नसमेत सक्नेछ। समितिले प्रस्ताव स्वीकृत भए नभएको जानकारी RDIF का संयोजकमार्फत् सम्बन्धित पक्षलाई गराउने छ।

नोटः यी निर्देशिकाहरु RDIF को Website: www.rdif.org.np मा पनि अँग्रेजीमा पढ्न सकिने छ।